# ककनी गांउँपालिकाको व्यक्तिगत व्यवसाय दर्ता नियमावली, २०७५

गाउँपालिकामा सञ्चालनमा रहेका व्यापार व्यवसायलाई व्यवस्थित रुपमा सञ्चालनका गरी सर्वसाधारण जनताको सुविधा र आर्थिक हित कायम राख्न वाञ्छनीय भएकोले ककनी गाउँपालिकाभित्र सञ्चालनमा रहेको व्यक्तिगत व्यवसाय दर्ता ऐन २०७५ को अधिनमा रहि ककनी कार्यपालिकाले यो नियमावली बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यो नियमावलीको नाम "ककनी गाउँपालिकाको व्यक्तिगत व्यवसाय दर्ता नियमावली, २०७५" रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषा : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यो नियमावलीमा

(क) "अध्यक्ष" भन्नाले ककनी गाउँपालिकाको अध्यक्ष सम्झनुपर्छ ।

(ख) "उपाध्यक्ष" भन्नाले ककनी गाउँपालिकाको उपाध्यक्षलाई सम्झनुपर्छ ।

(ङ) "कार्यपालिका" भन्नाले ककनी गाउँ कार्यपालिका सम्झनुपर्छ ।

(च) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले ककनी गाउँ कार्यपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनुपर्छ

(छ) "गाउँपालिका" भन्नाले ककनी गाउँपालिका सम्झनु पर्छ ।

(ज) "पदाधिकारी" भन्नाले ककनी गाउँपालिकाका अध्यक्ष, उपाध्यक्ष, वडाध्यक्ष, कार्यपाकिलकाका सदस्य अन्य सदस्य समेतलाई सम्झनुपर्छ । यस शब्दले गाउँपालिकाले आफ्नो कार्य सम्पादनका सिलसिलामा गठन गरेका जुनसुकै समिति वा उपसमिति वा कार्यदलका सदस्यहरू समेतलाई सम्झनुपर्दछ ।

(झ) "सभा" भन्नाले ककनी गाउँपालिकाको गाउँ सभालाई सम्झनुपर्छ ।

(ञ) "व्यवसाय " भन्नाले निजी रुपमा एक वा एकभन्दा वढी व्यक्तिले बस्तुको उत्पादन संकलन वितरण प्रशोधन निकासी वा पैठारी गर्ने फर्म वा कम्पनी वा कोठी सम्झनु पर्छ ।

(च) "तोकिएको" वा "तोकिएबमोजिमको" भन्नाले यो ऐन अन्तर्गत बनेका नियममा तोकिएको वा तोकिए बमोजिमको सम्झनु पर्छ ।

(छ) "ऐन" भन्नालेव्यक्तिगत व्यवसाय दर्ता ऐन २०७५ लाई सम्झनु पर्छ ।

(ज) नियमावली भन्नाले व्यक्तिगत व्यवसाय दर्ता नियमावली २०७५ लाई सम्झानुपर्छ ।

३. व्यवसाय दर्ता गराउन दरखास्त दिनुपर्ने : व्यवसाय दर्ता गर्न चाहने व्यक्तिले दर्ता गराउन ककनी गाउँपालिकामा अनुसूची १ बमोजिमको ढाँचामा दरखास्त दिनु पर्नेछ ।

४. दर्ता शुल्क : देहायको पूजी भएको व्यवसाय दर्ता गर्दा देहाय बमोजिमको दर्ता दस्तुर लाग्नेछ :-

(क) एकलाख रुपैयाँ सम्म एक हजार रुपैया ।

(ख) एकलाख रुपैया भन्दा बढी तीनलाख रुपैयासम्म दुईहजार रुपैयाँ।

(ग) तीनलाख रुपैयाँ भन्दा बढी पाचलाख रुपैयासम्म चारहजार रुपैयाँ ।

(घ) पाचलाख रुपैया भन्दा बढी दशलाख रुपैयासम्म सातहजार पाचसय रुपैयाँ ।

(ङ) दशलाख रुपैया भन्दा बढी पचासलाख रुपैयासम्म पच्चिस हजार रुपैयाँ ।

(च) पचासलाख रुपैया भन्दा बढी जतिसुकै भएपनि पचास हजार रुपैया ।

५. दरखास्त साथ नागरिकताको प्रम्रमाणपत्र र अन्य कागजात पेश गर्नुपर्ने : व्यवसाय दर्ता गराउन चाहने व्यक्तिले आफ्नो फर्म रजिष्टर गराउन दरखास्त दिँदा निम्न कागजात पेश गर्नुपर्नेछ ।

(क) नेपाली नागरिकताको प्रतिलिपी

(ख) व्यवसाय सञ्चालन हुने जग्गाको ज. ध. पुर्जाको प्रतिलिपी ।

६. दर्ता गर्ने :(१) नियम ३ बमोजिम दरखास्त परेपछि ककनी गाउँपालिकाले व्यक्तिगत व्यवसाय खोल्ने अनुमति दिन मनासिव देखेमा दर्ता किताबमा सो व्यवसाय दर्ता गरीअनुसूची २ बमोजिमको प्रमाणपत्र दिनेछ ।

(२) गाउँपालिकाले व्यवसाय दर्ता गर्न कुनै अधिकारीलाई अधिकार प्रत्यायोजन गर्न सक्नेछ ।

७. व्यक्तिगत व्यवसायको अवधि र नवीकरण : (१) दर्ता भएको व्यक्तिगत व्यवसायको अवधि दुई वर्षको हुनेछ ।

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि यो नियम प्रारम्भ हुदाँका बखत बहाल रहेको व्यक्तिगत व्यवसायको अवधि त्यस्तो व्यवसाय दर्ता वा नवीकरण भएको आर्थिक वर्षको अन्त्यसम्म रहनेछ र यो नियम प्रारम्भ भए पछि नवीकरण भएका व्यक्तिगत व्यवसायको अवधि २ वर्षको'हुनेछ ।

(३) व्यक्तिगत व्यवसाय नवीकरण गराउन चाहने व्यक्तिगत व्यवसायको धनीले उपनियम (१) वा उपनियम (२) बमोजिमको अवधि समाप्त भएको मितिले ३५ दिनभित्र व्यक्तिगत व्यवसाय नवीकरण गराउनको लागि गाउँपालिकामा दरखास्त दिनु पर्नेछ ।

(४) उपनियम (३) बमोजिम दरखास्त प्राप्त भएमा सम्बन्धित कार्यालयले देहायको पँजी भएको व्यक्तिगत व्यवसायको लागि देहाय बमोजिमको दस्तुर लिई त्यस्तो व्यक्तिगत व्यवसाय नवीकरण गरी दिनु पर्नेछ :-

(क) एक लाख रुपैयां सम्म रु. ५००।-

(ख) एक लाख रुपैयां भन्दा बढी तीन लाख रुपैयासम्म रु. ८००।-

(ग) तीन लाख रुपैयां भन्दा बढी पाच लाख रुपैयासम्म रु. १०००।-

(घ) पां'च लाख रुपैयाँ भन्दा बढी दश लाख रुपैयासम्म रु. २,५००।-

(ङ) दश लाख रुपैयाँ भन्दा बढी पचास लाख रुपैयासम्म रु. ४,०००।-

(च) पचास लाख रुपैयाँ भन्दा माथि रु. १०,०००।-

(५) उपनियम (३) बमोजिमको अवधिभित्र पनि व्यक्तिगत व्यवसाय नवीकरण गराउन नसकेको व्यक्तिगत व्यवसायको धनीले व्यक्तिगत व्यवसाय नवीकरण गराउन नसकेको मनासिव कारण देखाई सो अवधि समाप्त भएको मितिले छ महिनाभित्र नवीकरणको लागि दरखास्त दिएमा र त्यसरी दिएको दरखास्त जाँचबुझ गर्दा मनासिव देखिएमा सम्बन्धित कार्यालयले देहाय बमोजिमको नवीकरण दस्तुर लिई त्यस्तो व्यक्तिगत व्यवसाय नवीकरण गरी दिनु पर्नेछः-

(क) उपनियम (३) बमोजिमको अवधि समाप्त भएको तीन महिनासम्मको लागि उपनियम (४) बमोजिमको दस्तुरको दोब्बर दस्तुर ।

(ख) खण्ड (क) बमोजिमको अवधि समाप्त भएको तीन महिनासम्मको लागि उपनियम (४) बमोजिमको दस्तुरको तेब्बर दस्तुर ।

(६) उपनियम (५) बमोजिम म्यादभित्र पनि कुनै व्यक्तिगत व्यवसायको धनीले व्यक्तिगत व्यवसाय नवीकरण गराउन दरखास्त नदिएमा त्यस्तो व्यक्तिगत व्यवसाय खारेज गर्ने सम्बन्धमा गाउँपालिकाले आवश्यक कारबाही गर्नेछ ।

८. विवरणमा हेरफेर गर्न सूचना दिनुपर्ने : कुनै व्यक्तिगत व्यवसायको धनीले आफ्नो व्यवसाय दर्ता गराउँदा दिएको विवरणमा केही हेरफेर गर्न चाहेमा सो कुराको लिखित सूचना गाउँपालिकाको अधिकारी छेउ दिनुपर्छ ।

९. प्रमाणपत्र लिन सकिने : (१) नियम ६ बमोजिम प्रदान गरिएको दर्ता प्रमाणपत्र हराएमा, नष्ट भएमा वा अन्य कुनै कारणबाट काम नलाग्ने भएमा गाउँपालिकामा व्यक्तिगत व्यवसायका धनीले निवेदन दिनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम परेको निवेदनको व्यहोरा मनासिब देखेमा गाउँपालिकाले एक जार रुपैया दस्तुर लिई दर्ताको अर्को प्रमाणपत्र दिनेछ ।

१०. नवीकरण सम्बन्धी विशेष व्यवस्था : (१) यस नियमावलीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि यो नियमावली प्रारम्भ हुंदाका बखतसम्म व्यक्तिगत व्यवसाय नवीकरण गराउन नसकेको व्यक्तिगत व्यवसायको धनीले त्यसरी नवीकरण गराउन नसकेको मनासीव कारण देखाई यो उपनियम प्रारम्भ भएको मितिले एक वर्षभित्र नविकरणको लागि दरखास्त दिएमा र त्यस्तो दरखास्त जाँचबुझ गर्दा कारण मनासीव देखिएमा सम्बन्धित कार्यालयले नविकरण नभएको प्रत्येक वर्षको लागि नियम ७ को उपनियम (४) मा उल्लिखित दस्तुरको तेब्बर दस्तुर जरिवाना लिई त्यस्तो व्यक्तिगत व्यवसाय एक पटकको लागि नवीकरण गरी दिन सक्नेछ ।

(२) उपनियम (१) बमोजिम म्यादभित्र पनि कुनै व्यक्तिगत व्यवसायको धनीले व्यक्तिगत व्यवसाय नवीकरण गराउन दरखास्त नदिएमा त्यस्तो व्यक्तिगत व्यवसाय खारेज गर्ने सम्बन्धमा गाउँपालिकाले ऐन बमोजिम आवश्यक कारबाही गर्नेछ।

## अनुसूची - १
### (नियम ३ सँग सम्बन्धित)

श्री प्रशाशकीय प्रमुख ज्यू
ककनी गाउँपालिका नुवाकोट
महोदय,

तल लेखिए बमोजिमको उद्योग व्यापार व्यवसाय गर्न निम्नलिखित नामको व्यक्तिगत व्यवसाय मेरो नाममा दर्ता गराउन इच्छुक भएकोले यो निवेदनपत्र पेश गरेको छु । लेखिएको व्यहोरामा कुनै कुरा झुठ्ठा ठहरे प्रचलित नेपाल कानुन बमोजिम सहुँला बुझाउँला ।

१. व्यवसायको पूरा नाम :-

२. व्यवसाय रहने स्थानः-

३. व्यवसाय रहने घरधनीको नाम :-

४. पूँजीः-

५. कारोबार गर्ने बस्तु तथा कामको विवरण :-

६. व्यक्तिगत व्यवसायका धनी वा साझेदारहरूको तीन पुस्ते नाम, थर वतन र हिस्साको अंश यो फर्मको काम नोक्सानी भएमा घर घरनाबाट व्यहोर्ने राजी हुने (हुनेहरू):-

**दरखास्तवाला (दरखास्तवालाहरू) को लेखात्मक र रेखात्मक दुबै औंठाको सहीछाप ।**

**दा** **बा**

**साक्षी**

**दरखास्तवालाको माथि लेखिएबमोजिमको नाम, थर वतन ठीक दुरुस्त छ भनि सनाखत गर्ने ।**

**इति सम्वत् २० साल .............महिना ...................गते रोज ......................... शुभम्**

**अनुसूची २**
**(नियम ६ सँग सम्बन्धित)**
**ककनी गाउँपालिका**
**प्रमाण -पत्र**

फोटो

दर्ता मिति :-
प्रमाणपत्र नं:-
वडा नं :-

जिल्ला...................गाउँपालिका/नगरपालिका/उपमहानगरपालिका/महानगरपालिका.......................... वडा नं........बस्ने श्री............................................... लाई ककनी गाउँपालिकाको व्यक्तिगत व्यवसाय दर्ता नियमावली,२०७५ को नियम ६ बमोजिम निम्न उल्लेखित विबरण अनुसार समस समयमा गाउँपालिकाबाट जारि गरिने आदेश, निर्देशन र सूचनाको पालना गर्ने गरी व्यवसाय सञ्चालन गर्न यो प्रमाण-पत्र दिईएको छ ।

१. व्यवसायको पूरा नाम :-
२. व्यवसाय रहने स्थान :- ककनी गाउँपालिका वडा नं ........टोल....................घर नं ..........
३. व्यवयाय रहने घरधनीको नाम:-
४. कारोबार गर्ने बस्तु तथा कामको विबरण-:-
५. पुँजि:-
६. व्यवसायको अवधी:-

व्यवसायीको दस्ताखत

# ककनी गाउँपालिकाबाट

## नवीकरण (रिन्यूवल ) गरिएको

| मिति | नवीकरण गरिएको अवधि | दस्तुर बझाएको भैचर नं र मिति | दस्तखत |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |